हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २१२ पृष्ठ : ४ २०७७ फाल्गुन २० गते विहीबार (Thursday 04 March 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## उद्योगीहरुको समस्या समाधानका लागि सरकार तयार : मन्त्री श्रेष्ठ



**लहान ।** कानून, न्याय तथा संसदीय मामिला मन्त्री लिलानाथ श्रेष्ठले बर्तमान सरकार कृषि, उद्योग र पर्यटन क्षेत्रको विकासमा जोड दिएको बताएका छन् । उनले जिल्ला उद्योग वाणिज्य संघले आफ्नो स्थापनाको ५० वर्ष पुगेको अवसरमा मनाउन सुरू गरेका स्वर्ण जयन्ती वर्ष-२०७७ तथा ३२ औँ सधारणसभाको उद्घाटन गर्दै कानूनी समस्याका कारण उद्योगीहरू मार्कामा परिरहेको भनी कानून संशोधन गर्न उद्योगीहरूले आवाज उठाइरहेकाले सोबारे छलफल गर्न सरकार तयार रहेको बताए ।

बर्तमान कुन कानूनबाट के समस्या भएको हो सो बारे औचित्यता पुष्टी सहित नेपाल उद्योग बाणिज्य महासंघ आए छलफल गर्न आफू तयार रहेको उनले सुनाए । 'महासंघलाई नेपाल सरकारको कानून मन्त्रालयमा छलफलको लागि स्वागत छ । आउनुहोस् । छलफल गरौं । र उद्योग क्षेत्रको विकासमा जुटौं,उनले भने । जथाभावी घर बनाउने कार्यलाई बर्तमान सरकारले रोक लगाउन लागेको खुलासा समेत मन्त्री श्रेष्ठले गरे । केही समय पहिले पारित भएको भूमि ऐन मार्फत

बाँकी ३ पेजमा

## जग्गा धनी पुर्जा पाएपछि हर्षित



**सिरहा ।** पुस्तौंदेखि भोगचलन गर्दै आएको जमिनको लालपुर्जा पाएपछि गोलबजार नपा १२ बेतौना स्थानीय खुसी गदगद भएका छन् । भोगचलनमा रहेको गाउँब्लक जमिनको नापी कार्यालय सिरहाले गाउँमै आएर लालपुर्जा दिएपछि स्थानीय खुसी भएका हुन् ।

नापी कार्यालयका प्रतिनिधि, स्थानीय जनप्रतिनीधि सहितको लालपुर्जा वितरण कार्याक्रम प्रमुख जिल्ला अधिकारी प्रदिपराज कडेलले लालपुर्जा हस्तान्तरण गरेर सुरू गरेका थिए । सोही क्रममा उनले स्थानीयको लागि यो महत्वपूर्ण र राम्रो काम भएको बताए । उनले नापीका कर्मचारीहरूले धेरै मेहनत गरेर आज तपाईहरूको हातसम्म लालपुर्जा पुर्याउने बतावरण बनेको भन्दै उनीहरूलाई सम्मान गर्नुपर्ने बताए । 'हामी यहाँ आएका अतिथी भन्दा तपाईहरूको हातसम्म लालपुर्जा पुर्याउन मेहनत गर्ने कर्मचारीलाई सम्मान गर्नुस्, फूलमालाको असली

बाँकी ४ पेजमा

## लहान बजारको जग्गा फुकुवा बारे प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**लहान ।** कानून, न्याय तथा संसदीय मामिला मन्त्री लिलानाथ श्रेष्ठ मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई लहान बजारको जग्गा फुकुवा बारेमा ध्यानाकर्षण गराइएको छ ।

बुधबार जिल्ला उद्योग वाणिज्य संघले आफ्नो स्थापनाको ५० वर्ष पुगेको अवसरमा मनाउन सुरू गरेका स्वर्ण जयन्ती वर्ष-२०७७ तथा ३२ औँ सधारणसभा उद्घाटन गर्न आएका मन्त्री श्रेष्ठलाई संघर्ष समितिको तर्फबाट पत्र मार्फत ध्यानाकर्षण गराइएको हो ।

वाल विटौरी तथा गाउँब्लक जग्गा फुकुवा संघर्ष समिति संयोजक विजय कुमार गुप्ताले मन्त्रीलाई उक्त पत्र थमाएका छन् । लहान नगरपालिकाभित्र रहेका बहाल विटौरी र गाउँब्लकका जग्गाहरूको श्रेस्ता मालपोत कार्यालयले अद्यावधिकमा आलटाल गरेपछि संघर्ष समितिले पटक पटक आन्दोलन पनि गरेका थिए ।

जग्गा फुकुवा नहुँदा किनबेच, धितो, अंशवण्डालगायतको काम हुन सकेको छैन । मालपोत कार्यालयले फुकुवा गर्ने कार्य

बाँकी ३ पेजमा

## मिर्चैया नगरपालिकामा गर्भवती र सुत्केरी महिलालाई अण्डा र स्याउ, लाभ लिन मेयर यादवको आग्रह

बिनय यादव

**सिरहा ।** सिरहाको मिर्चैया नगरपालिकाले स्वास्थ्य संस्थामा आएर गर्भ जाँच गराउने गर्भवती र सुत्केरी महिलालाई अण्डा र स्याउ वितरण गर्दै आएको छ ।






गर्भवती महिलामा गर्भ रहेको सामान्यतया: चार महिनाको अवधिदेखि सुत्केरी हुँदाको ४५ दिनसम्म दैनिक खानेगरी एउटाको दरले अण्डा र स्याउ वितरण गर्ने गरिएको छ । नगरपालिकाको स्वास्थ्य शाखाले गर्भवती र सुत्केरी महिलालाई पोषण आहार कार्यक्रम अन्तर्गत अण्डा र स्याउ वितरण गरिरहेको हो ।

बाँकी ४ पेजमा



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229




फ्रेन्डस मोडेल हस्पिटल, लहान-८
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## स्वास्थ्य

# आँखालाई स्वस्थ राख्ने पाँच काइदा



अहिले हाम्रो धेरैजसो समय स्क्रिनमा बित्ने गर्छ । खासगरी मोबाइलको प्रयोग बढदै जाँदा 'स्क्रिन टाइम' लम्बिएको हो । त्यससँगै कम्प्युटर, ल्यापटपमा पनि हामी अधिक समय बिताइरहेका छौं । यसले हाम्रो आँखालाई सबैभन्दा बढी प्रभावित गरेको छ । त्यसमाथि प्रदूषण, खराब जीवनशैलीले समेत आँखाको दृष्टि कमजोर हुँदै गएको छ ।

आँखालाई कसरी स्वस्थ राख्ने त ? यसका सरल पाँच काइदा छन् ।

**१. राम्रो खानपान**

खानपानको सम्बन्ध आँखाको दृष्टिसँग पनि हुन्छ । कतिपय खानेकुरा यस्ता हुन्छन्, जसले आँखाको दृष्टि क्षमता बढाउन सहयोग गर्छ । जस्तो कि, माछा, पालुङ्गो साग, फल एवं हरियो सागपात ।

**२.आँखा झिम्क्याइरहने**

परेला झिम्क्याइरहनुले आँखालाई स्वस्थ राख्न सहयोग गर्छ । यसबाट आँखा तरोताजा र तनावमुक्त रहन्छ । कम्प्युटरको प्रयोग गर्ने व्यक्तिहरू आफ्नो आँखा कम झिम्क्याउँछन् । यस्ता व्यक्तिहरूले हरेक सेकेन्डमा आफ्नो आँखा झिम्क्याउनु आवश्यक हुन्छ ।

**३. आँखाको ब्यायाम**

आँखाका केही व्यायामहरू गरेर पनि आँखालाई स्वस्थ राख्न सकिन्छ । यसका लागि आफ्ना दुवै हत्केलालाई आपसमा रगड्नुपर्छ र जब हत्केला तातो हुन्छ, त्यसलाई हल्का रूपमा आँखामाथि राख्नुपर्छ । यसो गर्दा आँखाको तनाव कम हुन्छ ।

**४. पानी छर्कने**

समय–समयमा सफा पानीले आँखा धोइरहनुपर्छ । यसबाट आँखामा डिहाइड्रेसन हुन पाउँदैन र स्वस्थ रहन्छ । बाहिरबाट घर फर्केपछि मुख धुँदा आँखामा पानी छम्किने गर्नुपर्छ ।

**५. नियमित जाँच**

आँखा कमजोर भएका व्यक्तिहरूले नियमितरूपमा आफ्नो आँखाको जाँच गराउनुपर्छ । यदि तपाईंको आँखाको प्रकाश बिल्कुल ठिक छ र पढ्न–लेख्न कुनै कठिनाई भइरहेको छैन भने पनि वर्षमा कम्तिमा एक पटक आँखाको जाँच गराउनुपर्छ ।


*अनलाईनखबरबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

# प्राकृतिक कमल–फूलको ठाउँमा कृत्रिम फूल ? यो कृत्रिम र कीर्ते विकास




**यो** लोकतन्त्र हो कि, गणतन्त्र हो कि या जंगबहादुरको प्रेततन्त्र हो ?

ठूला चिल्ला सडकहरु विकास हो, बहुतले घर विकास हो भने तपाईंले विकासको परिभाषा बदल्नुहोस् । विकास हेर्ने आँखा बदल्नुहोस् । विकास भनेको संस्कृतिको विकास हो । मानवताको विकास हो । मौलिकताको विकास हो । यहाँको मौलिकता, मानव बस्तीलाई उजाडेर विकास गर्छु भन्नु प्रतिगमन हो । हामी यसको प्रतिरोध गर्छौं । राज्यसँग शक्ति छ होला, प्रहरीको लाठी छ होला, बन्दुक छ होला, तर जनतासँग निडर आवाज छ । र यो बन्दुक र लाठी भन्दा बलियो छ । कुनै पनि तानाशाहले यसलाई दबाउन सक्दैन । जनताको आवाज सबैभन्दा ठूलो कुरा हो । र जनता सडकमा आएर आवाज उठाउँदा सुन्नुहोस् । तपाईंहरु बालुवाटारमा बसेर भ्वाइलिन बजाएर नबस्नुस्, जनताले सडकमा के भनिरहेको छ सुन्नुहोस् ।

यो मुलुकमा लोकतन्त्र छ, गणतन्त्र छ, तर आफ्नो मातृभाषाले बोलेको कारण कस्टडीमा परेको छ । यो भन्दा तुच्छ काम कुन हुन सक्छ ? यो जस्तो घृणीत काम अरू कुन हुन सक्छ ? हामी यसको भर्त्सना गर्छौं, खेद प्रकट गर्छौं । मातृभाषा बोलेकै कारण प्रहरीको कस्टडीमा छन् । ती मित्रलाई बिनासर्त रिहा गर्नुपर्छ ।

यहाँ शासकहरु फेरिए, तर शासन गर्ने शैली फेरिएको छैन । हिजो राणाहरुले जनतालाई दमन गर्ने शासनशैली छ, त्यो शासनशैली फेरिएको छैन । यो लोकतन्त्र हो कि, गणतन्त्र हो कि या जंगबहादुरको प्रेततन्त्र हो ? कतै यो प्रेततन्त्र बिउँझिएर आएको हो भने, पञ्चायतको भूत उठेर आएको हो भने त्यसलाई खेदाउन पनि हामी जनता सक्षम छौँ ।

हिजो प्रतिनिधि सभामाथि भएको प्रतिगमन सर्वोच्च अदालतले सच्याइदियो । तर आदिवासी जनतामाथि भइरहेको प्रतिगमन सच्चिएको छैन । पूर्ण नसच्चिएसम्म हामी चुप लागेर बस्दैनौँ । एउटा नागरिकले यहाँ लोकतन्त्र छ कि छैन भन्ने प्रश्नचिन्ह उठाउने स्थिति रहन्छ, तबसम्म हामी नागरिकहरु सडकमा आइरहनेछौँ । हामी सडकमा आयौँ भनेर तपाईंहरु नडराउनुहोस् । हामी सहयोगी हो । तपाईंले गरेको कालो कर्तुत देखाउन आउछौँ । यो मुलुकमा लोकतन्त्र छ, गणतन्त्र छ, तर आफ्नो मातृभाषाले बोलेको कारण कस्टडीमा परेको छ ।

काठमाडौं महानगरपालिकाले कमलपोखरीमा भएको अतिक्रमण हटायो । तर त्यहाँ कमलको फूल फुलाउनुपर्ने ठाउँमा सिमेन्टले ढलान गर्नुभयो । सिमेन्टको कमलको फूल चाहिएको होइन । प्राकृतिक रुपमा नै कमलपोखरी निर्माण गरिनुपर्छ । नेवारको संस्कृति नेपालको मौलिक संस्कृति हो । यो मुलकमा नेवार छ त, नेपाल छ, नेपाल छ त नेवार छ । नेवारले गरिआएको संस्कृतिले गर्दा विश्वमा नेपाल चिनिएको छ । आठवटा विश्व सम्पदामध्ये सातवटा नेवारको पुर्खाले बनाएर गएका हुन् । त्यस्तो खालको नेवारको धरोहरलाई विकासको नाममा विनाश गर्दै हुनुहुन्छ । तपाईंले प्रतिगमनको बाटो रोजिरहनुभएको छ । यो प्रतिगमन अविलम्ब सच्चियोस् । यहाँको सम्पत्ति, संस्कृतिलाई मौलिक रूपमा जोगाउन सहकार्य गर्न नेपाल सरकारलाई आह्वान गर्छौं । हिजो जसरी सानो त्रुटिको कारण गुठी विधेयक फिर्ता लिनुपर्‍यो । गुठी भनेको स्वायत्त र स्वशासन हुनुपर्छ । गुठी अधिकार सम्पन्न हुनुपर्छ । हामी भनिरहन्छौं, तर सरकारले नयाँ गुठी विधेयक बनाउने विषयमा सरोकारवालासँग सोधखोज गरिरहेको छैन । अझ पनि दम्भ छ होला, दुई तिहाइको । पुरानैलाई जसरी पनि पारित गराउँछु भनेर । तर त्यो दुई तिहाइ गाडीको चक्काबाट हावा फुस्किएर गएजस्तै जान सक्छ । अझ पनि बालाजुमा सडक विस्तारको नाममा तपाईंले दमन गरिरहनुभएको छ, त्यो अबिलम्ब रोक्नुस् । सम्मानित सर्वोच्च अदातलको आदेशलाई सम्मान गर्नुहोस् । अझै पनि म तानाशाह हुँ, मैले जे भने त्यही हुन्छ भन्नुहुन्छ भने ठूल–ठूला तानाशाहलाई हामीले खेदेर जंगल पठाइसकेका छौँ, अब यी साना तानाशाहलाई खेद्न धेरै दिन बाँकी छैन । हामी खेद्न सक्छौँ ।

हाम्रा अभियन्ता मित्रलाई अविलम्ब रिहा गरियोस् ।

*इकाजबाट*

# सत्तारुढ दलको आन्तरिक किचिलो : प्रदेश–२ सभा बैठक अझै अन्योल




**जनकपुरधाम** : पाँच महिनादेखि प्रदेश २ को प्रदेश सभा बैठक बस्रून सकेको छैन । व्यक्तिगत स्वार्थका लागि प्रदेश सरकारका मन्त्रीहरूले प्रदेश सभालाई बन्धक बनाई बैठक बसाउन नसकेको सत्तारूढ दलकै सांसदहरूले आरोप लगाएका छन् । 'पार्टी एकीकरण भएपछि महिनौंदेखि संघीय समाजवादी पार्टी र राजपाबाट संसदीय दलको नेता र प्रमुख सचेतकको छुट्टाछुट्टै सुविधा पाइरहेका छन,' इकागजसँग सत्तारूढ दल तात्कालिन राजपाका एक सांसदले भने ।

प्रदेश सभाको पछिल्लो अधिवेशन नसकिँदै संसदीय दलको नेता फेरबदलका विषयमा विवाद हुँदै आएको छ । संसदीय समिति चयन गर्न जिम्मेवारी पाएका समाजवादी पार्टीबाट मुख्मयन्त्री बनेका लालबाबु राउत र राजपाबाट भौतिक पुर्वाधार मन्त्री बनेका जितेन्द्र सोनलले आफ्नै पद जाने डरले यसलाई लम्ब्याइरहेका छन् ।

सत्तारूढ दलकै सांसदहरूले पटक–पटक ताकेता गर्दा प्रदेश सभाको आगामी बैठक बस्रूनु अगावै संसदीय समिति चयन गर्ने प्रतिबद्धता नेताहरूले जनाउंदै आएका छन् । तर, संसदीय समिति चयन हुँदा मन्त्रिपरिषदसमेत हेरफेर हुने डरले जिम्मेवारी पाएकाहरूले टार्दै आइरहेका छन् । पछिल्लो पटक चौँथो प्रदेश सभाको अधिवेशन कात्तिक ३ गते गते बसेर ४ गते अन्त्य भएको थियो । त्यस यता बैठक बस्रून सकेको छैन । बैठक बोलाउन मुख्यमन्त्री लालबाबु राउतलाई प्रतिपक्षी दलसहित सत्तारूढका सांसदहरूले दबाब दिएपनि आनाकानी गर्दै आएको आरोप सांसदहरूको छ ।

बैठक बस्रून नसक्दा प्रदेश सभामा थन्किएका दर्जनौं विधेयक अघि बढ्न सकेका छैनन् । प्रतिपक्षी दलहरूले औपचारिकता पूरा गर्न मौखिक रूपमा आग्रह मात्र गरेको

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज नयाँ पद र प्रतिष्ठा पाईने संभावना छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । मन प्रसन्न र खुसी पनि रहनेछ ।

**वृष** :- विद्या र नयाँ ज्ञान बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ, तर सामाजिक र धार्मिक कार्यमा खर्च बढ्न सक्छ ।

**मिथुन**:- आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । शत्रु र विपक्षी पराजित हुन सक्छन् । विपवरित वर्गको भेट र साथ मिल्ने राम्रो योग छ ।

**कर्कट** :- आज लाभदायक यात्रा हुनेछ । नयाँ कार्यको महत्वपूर्ण योजना बन्नेछ । शेयर बाजार र व्यापार, व्यवसायबाट लाभ मिल्नेछ ।

**सिंह**:- आज शंका तथा डरका कारण बनिसकेको काममा दुविधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला ।

**कन्या** :- धर्म, कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन र व्यापार, व्यवसायमा लाभ मिल्नेछ । यात्राको योग पनि छ ।

**तुला** :- आज मनमा सात्विक बिचारहरु र अनुहारमा चमक आउनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ ।

**वृश्चिक** :- नयाँ कामको थालानी या योजना बन्ने । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**धनु** :- आज मनमा सात्विक बिचारहरु र अनुहारमा चमक आउनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ ।


**मकर**:- नयाँ कामको थालानी या योजना बन्ने । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कुम्भ**:- यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ । झञ्झटिलो काम लाईपर्लो । नजिकका व्यक्तिबाट विश्वासघात हुन सक्छ ।

**मिन** :- आज दाजु भाईबाट सहयोग र ससुराली पक्षसंग सम्बन्ध राम्रो बन्नेछ । कृषि कार्यबाट लाभ मिल्नेछ । आफन्त संग भेट घाट पनि हुनेछ ।

# नेपाली काँग्रेसको आन्दोलनपछि सिरहा नगरपालिकाले दिए विवरण





नगर कार्यपालिकाको कार्यालय,सिरहा
जिल्ला-सिरहा
प्रदेश नं. २ नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- २०५५

मिति : २०७७।११।१३

विषय : विवरण सम्बन्धमा ।

श्री नेपाली काग्रेस नगर कार्य समिति,
सिरहा ।

प्रस्तुत विषयमा नेपाली काग्रेस नगर कार्य समिति सिरहाले सिरहा नगरपालिकाको नाउमा अपिल मार्फत जारी गरिएको प्रेस विज्ञप्ती सम्बन्धमा ध्यानआर्कषण भएको छ । सो प्रेस विज्ञप्तीमा उल्लेखित विवरण देहाय बमोजिम संलग्न राखी जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल :

१. आर्थिक वर्ष २०७७/०७८ को नगरपरिषदवाट भए गरेको निर्णय प्रतिलिपी ।
२. आ.ब.२०७६/०७७ को शिर्षकगत आय-व्यय विवरण ।
३. आ.ब.२०७७/०७८ को हाल सम्मको शिर्षकगत आय व्ययको विवरण ।
४. कोरोनाको समयावधिमा खटिएको जनप्रतिनिधी, कर्मचारी, स्वास्थ्य कर्मि, स्वयंसेवका, सरसफाईकर्मीहरूले प्राप्त गरेको जोखिम भत्ता विवरण ।
५. यस नगरपालिका भित्र कार्यरत रहेको सम्पुर्ण कर्मचारीहरूको विवरण ।
६. यस सिरहा नगरपालिका अन्तर्गत रहेको सामुदायिक विद्यालयमा के कति शिक्षकहरू रहेको र कति शिक्षकहरू पदपुर्ति गर्न वाकी रहेको भनि नगर शिक्षा समितिबाट दरवन्दी मिलान गर्न सम्बन्धीत निकायमा पेश गर्न दरवन्दी मिलानको विवरण ।
७. सामाजिक परिचालकको नियुक्ति सन्दर्भमा हाल प्रदेश सरकारको राजस्व वाडफाँड रकम प्राप्त नभएको कारणले सामाजिक परिचालकको सवै वडाहरूमा नियुक्ति हुन नसकेको ।
८. यस नगरपालिका भित्र रहेको सामुदायिक विद्यालयहरूको पठनपाठनको गुणस्तर सुधार गर्नको लागि शिक्षक दरवन्दी मिलान गर्ने कार्य अगाडी बढाईएको छ । सामुदायिक विद्यालयमा शैक्षिक स्तर सुधार गर्न नगरपालिकाले पुर्ण प्रयास गरिरहेको छ । साथै शैक्षिक गुणस्तर अफ सुधार कुन प्रक्रिया मार्फत गराउन सकिन्छ सो को सुधार गर्ने उपायहरू त्याहाँबाट उपलब्ध गराईएमा सो अनुसार नगरपालिकाले कार्यान्वयन गर्नेछ ।

**लहान ।** सिरहा नगरपालिकामा नेपाली काँग्रेस नगर समितिले पटक पटक आन्दोलन गरेपछि माग गरेका विवरणहरू नगरपालिकाले दिएका छन् ।

नगरपालिकाले विवरण दिएपछि तत्कालका लागि आन्दोलन रोकिएको छ । विवरण अध्ययन गरेर थप धारणा सार्वजानिक गर्ने काँग्रेस नगर समितिले सिरहाले जनाएको छ ।

विकास निर्माण, कर्मचारी भर्ना लगायत काममा अनियमितता गरेको आरोप काँग्रेसको छ । नगरपालिकाले दिएको विवरणमा आय-व्यय, कार्यपालिकाको निर्णयहरू रहेको छ ।

## उद्योगीहरुको ...

जग्गाको विभिन्न क्षेत्र तोक्ने कार्य सरकारले गर्न लागेको र त्यही अनुसार तोकिएको क्षेत्रमा मात्र उद्योग, कृषि र बसोबास लगायत व्यवस्थित कार्य गराउन तर्फ सरकार उद्यत रहेको बताए ।

लहान नगरपालिकाका मेयर मुनी साहले उद्योग व्यसायको विकासमा आ`नो तर्फबाट गर्नुपर्ने सबैखालको सहयोग गर्न तयार रहेको बताए । लहान नगर व्यवसायको लागि अति राम्रो ठाउँमा रहेको भन्दै यहाँ सबै खालका उद्योग व्यसायको सम्भावना रहेको उनले बताए ।

उद्‍घाटन मन्तव्यकै क्रममा उद्योग वाणिज्य महासंघका उपाध्याक्ष दिनेश श्रेष्ठले पछि बनेका कानूनले व्यसायीहरू मर्कामा परेको बताए । उनले पछिलो पटक व्यवसायगर्ने वातावरण नै नहुने गरी व्यवसायीले प्रयोग गरेको ढक-तराजू ३५ दिनभित्र सरकारी निकायबाट रूजू नगराए ५० हजार जरीवाना र ३ देखि ६ महिनासम्मको कैद सजायले व्यापार गर्ने वातावरवण नरहेको बताए । उनले व्यवसायीहरूले त्यसको रूजु गर्ने निकायपनि पायकपर्ने ठाउँमा नहुने र कानुनले अपराधीलाई जस्तो व्यवहार गर्ने वातावरण वनेको बताए ।

सोही क्रममा उपाध्यक्ष श्रेष्ठले व्यवसायको प्रकृति अनुसार एकै ठाउँमा दर्ता गरेर काम गर्ने नीति नीयम बन्नु पर्ने पनि बताए । उनले एउटै व्यसायीले केन्द्, प्रदेश र स्थानीय तहमा पनि दर्ता गर्नुपर्ने व्यस्था खारेजीको माग गरे ।

जिल्ला उद्योग माणिज्य संघका अध्यक्ष अशोकलाल अमात्यले भारतीय सीमाक्षेत्रका नेपाली बजारमा नेपाली उत्पादन पुर्याउन पाउनुपर्ने बताए । उनले रक्सी, अन्य देशबाट आएका सामानहरू पउनुपर्ने जिकिर गरे ।

कार्यक्रमा मन्त्री श्रेष्ठले जिल्ला उद्योग बाणिज्य संघ लहानको कार्यालयको शिलालेख समेत उद्‍घाटन तथा आयोजकले प्रकाशन गरेको उद्योग सम्बन्धी स्मारिका पुस्तक समेत मन्त्रीले विमोचन गरेका छन् । उद्योगी,सामाजिक संघ/संस्था र केही व्यक्तिहरूलाई उद्योग वाणिज्य संघले सम्मानित र प्रशंसा पत्र प्रदान गरेका छन् ।

## लहान बजारको ...

अगाडि नबढाए संघर्ष समितिको आरोप छ ।

उक्त जग्गाहरूको अद्यावधिकको नाममा मालपोत कार्यालयले सम्पूर्ण कार्य रोक्का राखेको हुँदा नगरपालिकाभित्रका उद्योगी, व्यवसायी र बैंकबाट कर्जा सुविधा लिने व्यक्तिहरूलगायत सर्वसाधारणको काममा समेत व्यवधान उत्पन्न भएको समितिको संयोजक गुप्ताले जानकारी गराए । त्यस्ता जग्गाको श्रेस्ता तुरून्त अद्यावधिक गर्न पटक पटक आग्रह गर्दै आएको उनले सुनाए ।

जग्गा फुकुवा नहुँदा लहान बजारका सर्वसाधारण, व्यापारी लगायत २५ सय भन्दा बढी परिवार मारमा परेका छन् । उनीहरूसँग लालपुर्जा छ । तर, कुनैपनि कारोबार गर्नबाट वञ्चित छन् ।

लहान नगरपालिका अन्तर्गत रहेको गाउँब्लक जग्गाहरू २००४ सालमा नापी गरी श्रेस्ता कायम भएको छ । त्यस जग्गा मध्ये बजार क्षेत्रको सिङ्गराही मटिअर्वा ,बैरिया गोपालखोन्ही र रघुनाथपुर मौजामा पर्ने जग्गा तत्कालिन सरकारले भन्सार विभागबाट २०१० सालमा बालबिटौरी लगाउने गरि नापी भएको थियो ।

सो जग्गाको नापी श्रेस्ता कायम गरी सोही आधारमा हनुमाननगर भन्सार कार्यलय अन्तर्गत लहान छोटी भन्सार कार्यालय मार्फत लागतका आधारमा वार्षिक रूपमा बालबिटौरी असुल तहसिल गरी आएको र सरकारको नीति अनुरूप भन्सार कार्यलयहरूलाई बोर्डर छेउमा सार्दा लहान छोटी भन्सार कार्यलय लहानबाट नेपाल भारत बोर्डर सिमा नवराजपुर भ्ँाभ्ँपट्टिमा सारेको थियो । सो कार्यलय सार्दा लगतका आधारमा वार्षिक बालबिटौरी असुल तहसिल गर्न स्थानीय निकाय तत्कालिन लहान बजार आदर्श गाउँ पन्चायतलाई श्रेस्ता हस्तातरण भए अनुरूप स्थानीय निकायले बालबिटौरी असुल तहसिल गर्दै आएको छ ।

सरकारको नीति अनुरूप २०२६ सालमा नाप नक्सा हुँदा खाली जग्गा नाप नक्सा गरी जग्गाधनीलाई दर्ता श्रेस्ता कायम गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा समेत वितरण गरिएको थियो ।

'विभिन्न व्यक्तिहरूको घरवास भएको बिटौरी जग्गा समेतलाई गाउँ (ब्लक) भनि फिल्ड बुक कायम गरी नाप नक्सा भएको छ' संघर्ष समितिका संयोजक गुप्ताले भने, 'नापी विभागबाट गाउँब्लक र बालबिटौरी जग्गा नाप नक्सा भई विवादरहित व्यक्ति मध्ये केहीको फिल्डबुकका आधारमा जग्गा दर्ता गरी जग्गाधनी दर्ता श्रेस्ता समेत कायम पनि भइसकेको छ ।' तैपनि व्यक्तिहरूलाई जग्गा धनि दर्ता प्रमाण पुर्जा उपलब्ध नगरी मालपोत कार्यालयले रोकेको गुप्ताको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

